प्रदेश सरकार
लुम्बिनी प्रदेश
खाद्य प्रविधि, कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
तानसेन, पाल्पा

इमेल akcpalpa@gmail.com
फोन नं : ०७५ ५२०२९४
वेभसाइट palpa.akc.gov.np

## प्रथम पटक प्रकाशित सूचना: २०७८।०७।१४

कृषि ज्ञान केन्द्र, पाल्पाको आ.व. २०७८।७९ मा संचालन हुने देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्न ईच्छुक आवेदकहरुले यो सूचना प्रकाशन भएको मितिले तीस (३०) दिन भित्र (२०७८।०८।१३) गते कार्यालय समय भित्र) आवश्यक कागजातहरु संलग्न गरी कृषि ज्ञान केन्द्र, पाल्पामा प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव सहित पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नुपर्ने कागजात तथा मापदण्ड यस कार्यालयको सूचना पाटी वा **Website: palpa.akc.gov.np** वाट पनि प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| क.सं. | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | आवेदनको लागि योग्य आवेदक | अनुदानको सीमा | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान |
|---|---|---|---|---|---|---|
| १. | फलफूल वगैंचा सुदृढीकरण कार्यक्रम | • बगैंचाको काँटछाँटका लागि सिकेचर, आरी, विडर, स्प्रेअर लगायतको औजार / उपकरण खरिद।<br>• सिंचाई सामाग्री तथा उपकरण खरिद<br>• फ्रुट फ्लाइका लागि ट्र्याप, ढुसीनासक, कीटनासक खरिद<br>• अन्य आवश्यक सामग्री तथा प्राविधिक सेवा | कम्तीमा ०.५ हेक्टर (१० रोपनी) बगैंचा सुदृढिकरण गरी नमूना वगैंचा बनाउनु पर्नेछ। | जिल्लास्थित व्यवसायीक फलफूल बगान | • प्रचलित दररेटमा लागत इष्टिमेट स्वीकृत गरी कार्यक्रम संचालन गर्ने<br>• प्रति कार्यक्रमका लागि अधिकतम रु. ५० हजार खर्च गर्न सकिने छ। | जिल्लाभर |
| २. | बीउ आत्मनिर्भर कार्यक्रम (खाद्यान्न/दलहन/तेलहन) | उत्पादन सामग्री: स्रोत बीउ, सुचिकृत प्राङ्गारिक मल, विषादी, शुक्ष्म तत्वप्याकेजिङ्ग सामग्री, बीउ प्रमाणीकरण खर्च, प्रशोधन सहयोग, चिस्यान मापन यन्त्र आदि उपकरणहरु। | खाद्यन्नका लागि - कम्तिमा ६० रोपनी र दलहन/तेलहन - २० रोपनीको क्लष्टरमा कार्यक्रम प्रस्ताव हुनु पर्ने। | • बीउ विजन कारोबार अनुमति पत्र लिएको संस्था वा सो संस्थाको समन्वयमा बीउ उत्पादनमा संलग्न हुनुपर्ने।<br>• स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिईनेछ। | प्रति हेक्टर अधिकतम रु. ६० हजार। | जिल्लाभर |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि खाद्य प्रविधि, कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
तानसेन, पाल्पा

इमेल : akepalpa@gmail.com
फोन नं : ०७७ ५२०२०४
वेभसाइट : palpa.akc.gov.np

| क.सं. | कार्यक्रम | संचालन गर्न सकिने कियाकलापहरु | न्यूनतम मापदण्ड | आवेदनको लागि योग्य आवेदक | अनुदानको सीमा | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान |
|---|---|---|---|---|---|---|
| ३. | बीउ आत्मनिर्भर कार्यक्रम (तरकारी/मसलावाली) | उत्पादन सामग्री: स्रोत बीउ, सुचिकृत प्राङ्गारिक मल, विषादी, शुक्ष्म तत्व प्याकेजिङ्ग सामग्री, बीउ प्रमाणीकरण खर्च, प्रशोधन सहयोग, चिस्यान मापन यन्त्र आदि उपकरणहरु। | कम्तिमा २ रोपनीको क्लष्टरमा कार्यक्रम प्रस्ताव हुनु पर्ने। | • बीउ बिजन कारोवार अनुमति पत्र लिएको संस्था वा सो संस्थाको समन्वयमा बीउ उत्पादनमा संलग्न हुनुपर्ने। स्रोत तथा प्रमाणित बीउ उत्पादकलाई प्राथमिकता दिईनेछ। | प्रति हेक्टर अधिकतम रु. १,००,०००।- | जिल्लाभर |
| ४. | कफी उत्पादन, प्रशोधन र वजारीकरण | • कफी प्रशोधन उपकरण<br>• ग्रेडिङ्ग, प्याकेजिङ्ग तथा लेवलिङ्ग सामग्री<br>• कफी सेड व्यवस्थापन<br>• प्रशोधन तथा वजारीकरण सहयोगका लागि आवश्यक अन्य सामग्रीहरु | • कफी उत्पादन तथा प्रशोधन उद्देश्य लिई प्रचलित नियमानुसार दर्ता भएको संस्था हुनु पर्ने।<br>• एकल वा सामुहिक रुपमा खेति गर्न सकिने<br>• कम्तिमा ५ रोपनी क्षेत्रफलमा कफी लगाएको।<br>• थप १ हे. क्षेत्रफल विस्तार गर्ने कफी, संकलन, प्रशोधन तथा प्याकेजिङ्ग गरि वजारीकरण गर्ने योजना भएको।<br>• उत्पादनको ब्रान्डिङ्ग गर्नुपर्ने। | • कफी उत्पादन तथा प्रशोधन उद्देश्य लिई प्रचलित नियमानुसार दर्ता भएको संस्था। | वार्षिक बजेट/कार्यक्रमको परिधिभित्र रहि बढीमा ५०% रकम अनुदान दिने। | जिल्लाभर |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि, कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
तानसेन, पाल्पा

इमेल akcpalpa@gmail.com
फोन नं ०७५ ५२०२९४
वेभसाइट palpa.akc.gov.np

| क.सं. | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलापहरु | न्यूनतम मापदण्ड | आवेदनको लागि योग्य आवेदक | अनुदानको सीमा | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान |
|---|---|---|---|---|---|---|
| ५. | भैरवस्थान क्षेत्रमा पुष्प उत्पादन फार्म स्थापना | • नर्सरी व्यवस्थापनका लागि बीउ तथा वेर्ना खरिद, प्राङ्गारिक मल, पिटमस, कोकोपिट, विषादी, पोलिपट, नर्सरी ट्रे आदि खरिद। • पम्पसेट, मोटर, पाइप, पोखरी, सिंचाई पूर्वाधार, लगायतका कार्य। • नर्सरी सेड, नेट, स्क्रिन हाउस लगायत औजार उपकरण (स्प्रेअर, प्रुनर, बडीङ/ग्राफ्टिङ चक्कु आदी) खरिद, निर्माण। | • लिजमा लिएको भए कम्तिमा ५ वर्षको करार हुनुपर्ने। • कम्तिमा ०.५ रोपनी क्षेत्रफल हुनुपर्ने। | नर्सरी/विरुवा उत्पादन सम्बन्धी कार्य गर्ने उद्देश्य भई सम्बन्धित निकायमा दर्ता भएका नर्सरी फार्म/कम्पनी/समुह/सहकारी । | कुल लागतको ५०% वा अधिकतम रु. ३ लाखमा जुन कम हुन आउँछ सो रकममा अनुदान उपलब्ध हुने। | भैरवस्थान क्षेत्र |
| ६. | कागती/सुन्तला मिसन नयाँ | • विरुवा, भन्डारण, सिंचाई तथा अन्य खेती कार्यका लागि प्रयोग हुने उपकरण खरिद | कृषक एकल वा संयुक्त - कम्तिमा २० रोपनी कृषि फार्म तथा निजी उद्यमी/कम्पनी - कम्तिमा ४० रोपनी कृषक समूह/कृषि सहकारी - २०० रोपनी | • कृषक एकल वा संयुक्त • कृषि फार्म तथा निजी उद्यमी/कम्पनी • कृषक समूह/कृषि सहकारी | प्रति हेक्टर (२० रोपनी) का लागि बढिमा रु. १ लाख वा कार्यक्रमको कुल लागतको ५०% रकम मध्ये थोरै हुन आउने रकम। | जिल्लाभर |

संलग्न गर्नु पर्ने कागजातहरु

१. अनुसूचि-२ बमोजिमको निवेदन फारम
२. अनुसूचि-४ बमोजिमको कार्ययोजना (कागती/सुन्तला मिसन नयाँ)
३. अनुसूचि-३ बमोजिमको कार्ययोजना (क.सं. १-५ मा उल्लेखित कार्यक्रमहरुका लागि)
४. नेपाली नागरिकताको प्रतिलिपी
५. कार्ययोजना, डिजाइन तथा लागत अनुमान सहितको विस्तृत प्रस्ताव
६. संस्था दर्ता/नविकरणको प्रमाणपत्र
७. जग्गाको स्वामित्व देखिने प्रमाणपत्र
८. पान/भ्याट दर्ता प्रमाणपत्र
९. यसै प्रकृतिको कामका लागि विगत ३ वर्ष देखि अनुदान नलिएको प्रतिबद्धता पत्र
१०. स्थानिय तहको सिफारिस
११. शैक्षिक योग्यता, तालिम, अनुभव वा वैदेशिक रोजगारबाट फिर्ता भएको प्रमाणपत्र
१२. अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि

इमेल : akcpalpa@gmail.com
फोन नं. : ०७५ ५२०२०४
वेभसाइट : palpa.akc.gov.np

प्रदेश सरकार
लुम्बिनी प्रदेश
**कृषि, खाद्य प्रविधि, कृषि तथा भूमि व्यवस्था मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
**कृषि ज्ञान केन्द्र**
तानसेन, पाल्पा

## पटक प्रकाशित सूचना: २०७८।०७।१४

कृषि ज्ञान केन्द्र, पाल्पाको आ.व. २०७८।७९ मा संचालन हुने "प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम (रामपुर नगरपालिका)" संचालन गर्नको लागि रामपुर नगरपालिकाका ईच्छुक आवेदकहरुले यो सूचना प्रकाशन भएको मितिले तीस (३०) दिन भित्र (२०७८।०८।१३ गते कार्यालय समय भित्र) आवश्यक कागजातहरु संलग्न गरी कृषि ज्ञान केन्द्र, पाल्पामा प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव पेश गर्दा पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नुपर्ने कागजात तथा मापदण्ड यस कार्यालयको सूचना पाटी वा **Website: palpa.akc.gov.np** बाट पनि प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

| क.सं. | कार्यक्रम | संचालन गर्न सकिने क्रियाकलापहरु | कार्यक्रम संचालन हुने क्षेत्र वा स्थान | आवेदनको लागि योग्य आवेदक | प्रति इकाई न्यूनतम क्षेत्रफल (व.मि.) | अनुदानको मापदण्ड |
|---|---|---|---|---|---|---|
| १. | प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन कार्यक्रम (रामपुर नगरपालिका) | बाँसको प्लाष्टिक घर (थोपा सिंचाई र प्लाष्टिक मल्च सहित) (समुद्री सतहबाट ८००-१५०० मि. उचाई सम्मका स्थानका लागि) | रामपुर नगरपालिका | समूह, कृषि सहकारी, निजी कृषि कम्पनी र निजी कृषि फार्म। | १२० | अनुदान रु. ३५०/व.मि. अधिकतम अनुदान रु. ४२,०००/इकाई |
| २. | " | जि. आई. पाइपको प्लाष्टिक घर (थोपा सिंचाई र प्लाष्टिक मल्च सहित) (समुद्री सतहबाट ८००-१५०० मि. उचाई सम्मका स्थानका लागि) | " | " | १२० | अनुदान रु. १३००/व.मि. अधिकतम अनुदान रु. १,५६,०००/इकाई |
| ३. | " | नेचुरल्ली भेण्टिलेटेड पोलिहाउस (थोपा सिंचाई र प्लाष्टिक मल्च सहित) (समुद्री सतहबाट २५०० मिटर उचाई सम्मका स्थानका लागि) | " | " | १००८ | अनुदान रु. १४५०/व.मि. अधिकतम अनुदान रु. १४,६१,६००/इकाई |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि, कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
तानसेन, पाल्पा

इमेल : akcpalpa@gmail.com
फोन नं : ०७५ ५२०२०४
वेभसाइट : palpa.akc.gov.np

न्यूनतम मापदण्डहरु

१। आवेदकले गत आर्थिक वर्षसम्म दर्ता भई स्थायी लेखा नम्वर लिएको, नियमितरुपमा लेखा परीक्षण गराएको र नियमानुसार कर चुक्ता गरेको हुनु पर्नेछ।

२। कृषक समूहको हकमा गत आर्थिक वर्षसम्ममा दर्ता भएको र स्थायी लेखा नम्वर लिएको हुनु पर्नेछ।

३। नेचुरल्ली भेण्टिलेटेड पोलिहाउस निर्माणको हकमा आवेदकको आफ्नै स्वामित्वमा पर्याप्त जग्गा भएको वा कम्तिमा १५ वर्षको लागि भाडामा लिएको हुनु पर्नेछ।

४। प्लाष्टिक घर/टनेल निर्माणको हकमा आवेदकको आफ्नै स्वामित्वमा प्रर्याप्त जग्गा भएको वा कम्तिमा ५ वर्षको लागि भाडामा लिएको हुनु पर्नेछ।

५। जग्गाको जग्गा धनि प्रमाण-पूर्जाको प्रतिलिपि र भाडामा लिएको भए भाडामा लिएको सम्झौता-पत्र र जग्गा धनि प्रमाण-पूर्जाको प्रतिलिपि पेश गर्नु पर्नेछ।

६। भौतिक पूर्वाधार निर्माणको हकमा डिजाइन, ले-आउट तथा लागत इस्टिमेट प्राविधिकवाट तयार भएको हुनु पर्नेछ।

७। संरक्षित संरचनामा प्रस्तावित बालीको खेतीमा अनुभव तथा जनशक्तिको विवरण पेश गर्नु पर्नेछ।

८। आवेदकले आफ्नो लागत अंश व्यहोर्न सक्ने क्षमता भएको प्रमाण पेश गरेको हुनु पर्नेछ।

९। दफा १० को उपदफा (४) को तालिका अनुसारको न्यूनतम क्षेत्रफलका आधारमा अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव पेश गरेको हुनु पर्नेछ।

१०। प्रस्तावित परियोजना स्थलमा सडक, सिंचाई, विजुली, लगायतका सुविधाहरु भएको विवरण पेश गर्नु पर्नेछ।

११। समान प्रयोजनका लागि अन्य कुनै स्रोतवाट अनुदान नलिएको स्व-घोषणा पत्र पेश गर्नु पर्नेछ।

१२। स्थानीय तहले स्थानीय रुपमा कार्यक्रम सञ्चालनको सिफारिस र कृषि ज्ञान केन्द्रको प्राविधिक उपयुक्तताको सिफारिस पेश गर्नु पर्नेछ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि, कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
तानसेन, पाल्पा

इमेल : akcpalpa@gmail.com
फोन नं : ०७५ ५२०२९४
वेभसाइट : palpa.akc.gov.np

<u>संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु</u>

१. रु. १० को टिकट टाँसेको निवेदन
२. नेपाली नागरिकताको प्रतिलिपि
३. दर्ता, नवीकरण, कर चुक्ता, स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि
४. जग्गाको जग्गा धनि प्रमाण-पूर्जाको प्रतिलिपि (आवेदकको नाममा भए पनि वा भाडामा लिएको भएपनि)
५. जग्गा भाडामा लिएको भए करार/सम्झौता-पत्र
६. आवेदकको प्रवन्ध-पत्र वा विनिमयावलीको छाँयाप्रति
७. कृषक समूह/कृषि सहकारीको हकमा प्रस्ताव पेश गर्ने र जिम्मेवार व्यक्ति तोक्ने निर्णयको छाँयाप्रती
८. संरचनाको डिजाइन तथा लेआउट एवं आपूर्तिकर्ताको कोटेशन / इष्टिमेट (एग्री नेटहाउस र नेचुरल्ली भेन्टीलेटेड पोलिहाउसको हकमा)
९. आवेदकसँग रहेको लगानीका श्रोतहरुको आधार (वित्तीय संस्थामा मौज्दात वा वित्तीय संस्थाको प्रतिवद्धता/ ग्यारेन्टी पत्र वा अन्य भरपर्दो विवरण)
१०. प्रस्तावित संरक्षित संरचना स्थानीय तहको प्राथमिकतामा रहेको भनी सम्बन्धित स्थानीय तह वा स्थानीय तहको कृषि शाखाले दिएको सिफारिस पत्र
११. अनुसूची-२ अनुसारको व्यावसायिक योजना
१२. अनुसूची-३ बमोजिमको प्रतिवद्धता-पत्र र समान प्रयोजनको लागि कुनैपनि श्रोतबाट अनुदान नलिएको स्वघोषणा